२०८१

# सेवा प्रवेश तालिम पाठ्यक्रम

## माध्यमिक तह


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

**विषयसूची**


| क्र. स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | सक्षमता | १ |
| ३. | तालिमको संरचना | २ |
| ४. | विषयवस्तु | ३ |
| ५. | विद्यालयमा आधारित क्रियाकलापहरू | **६** |
| ६. | तालिम कार्यान्वयन कार्यविधि | ८ |
| ७. | मूल्याङ्कन | ९ |

## १. परिचय

शिक्षण पेसामा नवप्रवेश गरेका शिक्षकहरूका लागि पेसासँग सम्बन्धित विविध विषयमा परिचित गराउन तथा सिकाइ सहजीकरण सिप विकास गर्न सेवा प्रवेश तालिम महत्त्वपूर्ण उपाय हो । यसले विद्यालयमा उपयुक्त सिकाइ वातावरण सिर्जना गरी कार्यसम्पादन गर्न सहयोग गर्छ । सेवासङ्ग सम्बन्धित विविध पक्षहरूका साथै सिकाइ वातावरण प्रति नवप्रवेशी शिक्षकलाई प्रशिक्षित गर्न सेवा प्रवेश तालिम आवश्यक हुन्छ । यो तालिमलाई नवप्रवेशी शिक्षकहरूमा पेसागत जिम्मेवारी, दायित्व र भूमिकाप्रति सचेत गराई शिक्षण पेसाप्रति नवीन र सकारात्मक सोच विकास गर्न, सिकाइ सहजीकरण सिप विकास गर्न, अपाङ्गता भएका र विभिन्न सिकाइ आवश्यकता भएका बालबालिकाको आवश्यकतालाई सम्बोधन गरी सहजीकरण गर्ने सिप विकासको महत्त्वपूर्ण आधारको रूपमा लिन सकिन्छ । यसै कुरालाई मध्यनजर गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले नव प्रवेशी शिक्षकहरूका लागि सेवा प्रवेश तालिमको व्यवस्था गरेको छ । नवप्रवेशी शिक्षकहरूलाई विद्यालयमा आफूले निर्वाह गर्नुपर्ने भूमिकाहरूका बारेमा स्पष्ट पार्न र आफनो कार्यस्थलको सन्दर्भ तथा परिवेश विद्यार्थीमैत्री सिकाइका लागि उपयुक्त बनाई शिक्षकलाई सक्षम बनाउन तालिम प्रदान गर्ने ध्ययले यो तालिम पाठयक्रम विकास गरिएको हो । यस पाठयक्रममा विद्यमान विद्यालय शिक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको सङ्क्षिप्त पुनरवलोकन, शिक्षण पेसासँग सम्बन्धित समसामयिक विषयवस्तुहरू, विद्यालय तहका पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग, शैक्षणिक योजना, विधि तथा अभ्यास, उत्प्रेरणा, मनोबल र नेतृत्व, तनाव व्यवस्थापन, सिकाइमा समावेशीकरण, विविधता व्यवस्थापन, शिक्षक पेसागत विकासका विधि तथा स्वसिकाइको प्रयत्न, विद्यार्थी मनोसामाजिक परामर्श, विद्यार्थी मूल्याङ्कन जस्ता विषयवस्तु समावेश गरिएका छन्।

## २. सक्षमता

शिक्षक सेवा आयोगबाट छनोट तथा सिफारिस भई आएका शिक्षकहरूलाई आफनो कार्यस्थल जानुपूर्व नै सो सम्बन्धमा सुसूचित गरी कार्यवातावरण अनुकूल आफनो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सक्षम बनाउनु यस तालिमको मुख्य उद्देश्य हो । यस तालिमपश्चात् सहभागी नवप्रवेशी शिक्षकहरूमा निम्नलिखत सक्षमता विकास हुने अपेक्षा गरिएको छः

(क) विद्यालय शिक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको सङ्क्षिप्त जानकारी र दैनिक प्रशासनिक क्रियाकलापको अभ्यास

(ख) शिक्षण पेसासँग सम्बन्धित समसामयिक विषयवस्तुहरूको बोध र अनुसरण

(ग) माध्यमिक तहको पाठ्यक्रम र पाठ्यसामग्रीको महत्त्वबोध र प्रयोग

(घ) शैक्षणिक योजनाहरूको निर्माण र सिकाइ सहजीकरणमा प्रयोग

(ङ) शिक्षण सिकाइका नवीनतम विधि र तरिकाहरूको प्रयोग

(च) शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग

(छ) शिक्षण सिकाइका क्रममा उत्प्रेरणा, मनोबल र नेतृत्व सिप प्रवर्धन

(ज) शिक्षक तथा विद्यार्थीको तनाव व्यवस्थापनका तरिकाको बोधसहित प्रयोग

(झ) विद्यार्थी मनोसामाजिक परामर्श सञ्चालन सिप विकास

(ञ) सिकारुमैत्री वातावरण निर्माण गरी शिक्षण सिकाइ सञ्चालन

(ट) विद्यार्थी मूल्याङ्कनका उपयुक्त विधि र साधनहरूको अवधारणा र प्रयोग

(ठ) प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण तथा नतिजा विश्लेषण सिपको विकास

(ड) शिक्षकको निरन्तर पेसागत विकासका विभिन्न उपायहरू पहिचान र अवलम्बन

(ढ) पेसागत सदाचारिता र नैतिक आचरणको पालना

(ण) गुणस्तरीय शिक्षाका लागि सबै सरोकारवालाहरूसँग प्रभावकारी सञ्चार र समन्वय

(त) विद्यार्थी सिकाइ बढोत्तरीका लागि विद्यालयमा सिकाइ संस्कृतिको निर्माण

(थ) आपत्कालीन अवस्थामा शिक्षण सिकाइको व्यवस्थापन

(द) विद्यालयलाई सिकाइ सङ्गठनका रूपमा विकासका उपायको खोजी र प्रयोग

**३. तालिम संरचना**

(क) यो सेवा प्रवेश तालिम एक महिना (३० कार्यदिन) को हुने छ ।

(ख) यो तालिम १५ दिन तालिम केन्द्रमा आधारित र बाँकी १५ दिन विद्यालयमा आधारित हुने छ ।

(ग) तालिम केन्द्रमा आधारित तालिम आमनेसामने र भर्चुअल माध्यममा सञ्चालन हुने छ ।

(घ) विद्यालयमा आधारित १५ दिन बराबरको तालिमका लागि सहभागीहरूले पाँचओटा परियोजना कार्य गर्नुपर्ने छ ।

(ङ) उक्त पाँचओटा परियोजना कार्य तालिम केन्द्रमा आधारित तालिम सकिएको ६० दिनभित्रमा सम्पन्न गरि सम्बन्धित तालिम केन्द्रमा बुझाउनु पर्ने छ ।

(च) सेवा प्रवेश तालिम प्रदेशस्थित शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने छ । तालिमको अभिलेख व्यवस्थापन र प्रमाणीकरण गर्ने कामसमेत शिक्षा तालिम केन्द्रबाट नै हुने छ ।

## ४. तालिमका विषयवस्तु

यस तालिमका लागि तोकिएका मुख्य विषयवस्तुहरू देहायबमोजिम रहेका छन् :

| क्र. स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सत्र सङ्ख्या |
|---|---|---|---|
| १. | विद्यालय शिक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको सङ्क्षिप्त पुनरवलोकन | • नेपालको संविधान (शिक्षासम्बन्धी व्यवस्था)<br>• शिक्षा ऐन, २०२८ र नियमावली, २०५९ (विद्यालय व्यवस्थापन समिति, शिक्षक आचारसंहिता, सेवा सर्त र सुविधा तथा दण्डसजाय)<br>• दिगो विकासका लक्ष्य (शिक्षासम्बद्ध)<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षासम्बन्धी)<br>• शिक्षक सेवा आयोग नियमावली,२०५७ (कासमू फाराम, बढुवासम्बन्धी व्यवस्था)<br>• अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७ का मुख्य प्रावधान<br>• राष्ट्रिय शिक्षा नीति, २०७६ (माध्यमिक शिक्षा र शिक्षामा गुणस्तर)<br>• विद्यालय शिक्षा क्षेत्र योजना २०७९/८०-२०८९/९० (माध्यमिक शिक्षा, पेसागत क्षमता विकास)<br>• बालबालिकासम्बन्धी ऐन, २०७५ का शिक्षासम्बन्धी प्रावधानहरू<br>• अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐनका शिक्षासम्बन्धी प्रावधानहरू<br>• चालु आवधिक योजनाका शिक्षासम्बन्धी प्रावधान<br>• दैनिक प्रशासनिक क्रियाकलाप सञ्चालन: शिक्षकको सिटरोल फाराम, सम्पति विवरण, कार्यसम्पादन मूल्याङ्न फाराम, दर्ता, चलानी, IEMIS, सार्वजनिक खरिद, सुशासन, सूचनाको सम्प्रेषण, अभिलेख व्यवस्थापन, विद्यालय सुधार योजना निर्माण, बैठक सञ्चालन तथा माइन्युट व्यवस्थापन | ५ |
| २. | शिक्षण पेसासँग सम्बन्धित समसामयिक विषयवस्तुहरू | • शिक्षण पेसाको गरिमा : गुरुको महिमा<br>• शिक्षक पेसाकर्मीका रूपमा: विद्यार्थीको सिकाइका लागि शिक्षकको भूमिका, आचरण र उत्तरदायित्व<br>• विद्यार्थी, शिक्षक र अभिभावकबिचको अन्तरसम्बन्ध<br>• सामाजिकीकरण (विद्यालय र समुदायबिचको सम्बन्ध, स्थानीय विविधता, भाषा, संस्कृति, मूल्य मान्यताको जानकारी) | ३ |

| | | | |
|---|---|---|---|
| | | • शिक्षक तथा विद्यार्थीको पठन संस्कृतिको विकास<br>• शिक्षकका गुणहरू: बौद्धिकता, नैतिकता, तार्किकता, विद्यार्थीसँगको व्यवहार, नयाँ परिवेशमा समायोजन, सञ्चारका सन्दर्भमा प्रयोग गर्ने शब्द चयन, असल र खराब स्पर्शको चेतना, जिम्मेवारी बोध, सामूहिक/टोली कार्यको भावना, गहन अध्ययन, प्रस्तुति, आनिबानी तथा व्यक्तित्व | |
| ३. | माध्यमिक तह (कक्षा ९-१२) को पाठ्यक्रम र पाठ्यसामग्री | • राष्ट्रिय पाठ्यक्रम प्रारुप<br>• पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको मूलभूत विशेषता, महत्त्व र प्रयोग<br>• पाठ्यक्रममा आधारित सिकाइ सहजीकरण प्रक्रिया<br>• सिकाइ स्रोत तथा सन्दर्भ सामग्रीको पहिचान र प्रयोग<br>• राष्ट्रिय योग्यता प्रारूप | ३ |
| ४. | शैक्षणिक योजना निर्माण र प्रयोग | • विद्यालयको कार्यपात्रो/वार्षिक कार्यतालिका<br>• वार्षिक शैक्षणिक योजना<br>• शिक्षण सुधार योजना (TIP) र सिकाइ सुधार योजना (LIP)<br>• एकाइ योजना<br>• दैनिक तथा साप्ताहिक कार्यतालिका<br>• दैनिक पाठ योजना | ३ |
| ५. | शिक्षण सिकाइमा नवप्रवर्तन | • सिकाइ केन्द्रित विधिहरू: (Critical, Creative, Reflective and Transformative Learning-CCRT pedagogy) Gamification, Arts Based learning, Flipped teaching, Project-based and Problem-based and inquiry-based learning)<br>• सिकाइमा स्थानीय तथा मौलिक ज्ञानको प्रयोग | ३ |
| ६. | शिक्षण सिकाइमा सूचना प्रविधि | • शिक्षण सिकाइमा प्रयोग हुने सूचना प्रविधिका साधनहरूको खोजी, सङ्कलन र प्रयोग गर्ने तरिका<br>• सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ (LMS, AI, Google Classroom, Learning Apps)<br>• शिक्षण सिकाइमा Technical, Pedagogical and Content Knowledge (TPACK) | ३ |
| ७. | उत्प्रेरणा, मनोबल र नेतृत्व विकास तथा सकारात्मक अनुशासन र पेसागत आचरण | • शिक्षक तथा विद्यार्थीका लागि उत्प्रेरणा<br>• शिक्षण सिकाइमा उत्प्रेरणा र मनोबल<br>• शिक्षक तथा विद्यार्थीको नेतृत्व विकासका उपाय र अभ्यास<br>• बालव्यवहार र अनुशासन<br>• बालव्यवहारमा शिक्षक तथा अभिभावकको भूमिका<br>• विद्यालय र समाजबिचको अन्तर्सम्बन्ध | ३ |
| ८. | मानसिक तथा | • तनाव व्यवस्थापनका तरिका | ३ |

| | | | |
|---|---|---|---|
| | संवेगात्मक स्वास्थ्य र मनोसामाजिक परामर्श | • सिकाइमा योग तथा ध्यानको प्रयोग<br>• विद्यार्थी मनोसामाजिक परामर्शको अवधारणा, आवश्यकता र महत्त्व, तरिका र विधिहरू<br>• कक्षाकोठामा हुने Bullying | |
| ९. | सिकाइमा विविधता व्यवस्थापन | • समतायुक्त सिकाइ सांस्कृतिक सक्षमता (Cultural Competency )<br>• सस्कृति संवेदनशील शिक्षण सिकाइ<br>• सिकाइमा बहुबौद्धिकताको प्रयोग<br>• विविधताको पहिचान, रणनिति र सम्बोधन | २ |
| १०. | विद्यार्थी मूल्याङ्कन र अभिलेखीकरणको अभ्यास | • सिकाइका लागि मूल्याङ्कन, सिकाइका रूपमा मूल्याङ्कन र सिकाइको मूल्याङ्कनको अवधारणा<br>• आन्तरिक तथा बाह्य मूल्याङ्कनको प्रयोग<br>• विद्यार्थी मूल्याङ्कनसम्बन्धी मापदण्ड र निर्देशिका<br>• अक्षराङ्कन पद्धति<br>• प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका र रुब्रिक्सको निर्माण तथा प्रयोग<br>• पूराना प्रश्नपत्रहरुको सङ्कलन र परीक्षण<br>• परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण<br>• लब्धाक्षर निर्माण<br>• अभिलेख व्यवस्थापन<br>• नतिजा प्रकाशन तथा विश्लेषण र सिकाइमा उपयोग | ६ |
| ११. | शिक्षक पेसागत विकासका विधिहरू | • सेवा प्रवेश तालिम<br>• शिक्षक मेन्टरिङ<br>• एक महिने प्रमाणीकरण तालिम<br>• कस्टमाइज्ड तालिम<br>• पाठ अध्ययन<br>• स्वनिर्देशित सिकाइ<br>• कार्यमूलक अनुसन्धान (अभ्यास)<br>• सिकाइ सञ्जाल<br>• सहपाठी कक्षा अवलोकन<br>• स्वमूल्याङ्कन<br>• पेसागत सम्मेलन, गोष्ठी तथा कार्यशाला<br>• अनुचिन्तन (self- reflection) | ३ |
| १२. | बालमैत्री सिकाइ वातावरण, कक्षाकोठा व्यवस्थापन र विद्यालयमा सिकाइ | • बालमैत्री सिकाइको अवधारणा<br>• नेपालमा बालमैत्री सिकाइका लागि भएका प्रयास<br>• बालमैत्री सिकाइ निर्माणका लागि शिक्षकको भूमिका<br>• स्वस्थकर दिवाखाजा व्यवस्थापनमा शिक्षकको भूमिका | ३ |

| | | | |
|---|---|---|---|
| | संस्कृतिको निर्माण एवम् सिकाइ संगठनका रुपमा विद्यालय विकास | • सिकाइ संस्कृतिको अवधारणा र महत्त्व<br>• सिकाइ संस्कृति निर्माणमा विभिन्न सरोकारवालाको भूमिका<br>• सिकाइ सङ्गठनका रूपमा विद्यालय विकासमा शिक्षकको भूमिका | |
| १३. | आपत्कालीन अवस्थामा शिक्षण सिकाइमा निरन्तरता | • आपत्कालीन अवस्थाहरूको परिचय र पहिचान<br>• मानवीय र प्राकृतिक प्रकोपहरू<br>• आपतकालीन अवस्थामा शिक्षण सिकाइ सञ्चालनका रणनीति | २ |
| १४. | विद्यालय सुशासनमा शिक्षक र अन्य सरोकारवालाको भूमिका | • विद्यालय सुशासन र वर्तमान अवस्था<br>• विद्यालय सुशासनका आयामहरू<br>• विद्यालय सुशासनका लागि शिक्षक र अन्य सरोकारवालाहरूको भूमिका<br>• गुनासो व्यवस्थापन<br>• विद्यालय शान्ति क्षेत्र | २ |
| १५. | कार्ययोजना र प्रतिबद्धता | • विद्यालयमा आधारित परियोजनाको अभिमुखीकरण<br>• विद्यालयमा गरिने परियोजनाको कार्ययोजना निर्माण तथा प्रस्तुतीकरण | १ |

**विद्यालयमा आधारित तालिमका क्रियापलापहरू**

दोस्रो खण्डका लागि विद्यालयमा आधारित परियोजना कार्यहरू निर्धारण गरिएका छन् । प्रत्येक परियोजनाको परिणाम (Output) का रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरूपको अलग अलग प्रतिवेदन तयार गरी शिक्षा तालिम केन्द्रमा अनिवार्य रूपमा पेस गर्नुपर्ने छ:

**परियोजना कार्य १ : शिक्षण सुधार योजना निर्माण र प्रयोग**

- वार्षिक कार्यतालिकाका आधारमा आफूले अध्यापन गर्ने विषयको वार्षिक शैक्षणिक योजना तयार गर्ने
- वार्षिक शैक्षणिक योजनाको आधारमा दुई महिना अवधिको शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) तयार गरी सोका आधारमा सिकाइ सहजीकरण गर्ने
- यसरी तयार गरेको शिक्षण सुधार योजनाको तीनप्रति तयार गरी एकप्रति प्रधानाध्यापक कक्षमा, एकप्रति कक्षामा र एकप्रति आफ्नो अभिलेख पुस्तिकामा राख्ने
- उक्त योजनाको कार्यान्वयनपश्चात् शिक्षण सुधार योजनामा राखिएको अपेक्षित सिकाइ उपलब्धि र भएको प्रगतिको विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने र सोका

आधारमा आगामी TIP तयार गर्ने र उक्त TIP लाई प्रतिवेदनको अनुसूचीमा राख्ने ।

**परियोजना कार्य २ : पाठयोजनासहित शिक्षण र अनुभवी शिक्षकबाट पृष्ठपोषण**

- आफूले शिक्षण गर्ने कुनै कक्षाको एउटा एकाइको शिक्षण योजना तयार गर्ने
- उक्त एकाइका विषयवस्तु शिक्षणका लागि दैनिक पाठयोजना निर्माण गर्ने
- यसरी पाठयोजना तयार गर्ने क्रममा सिकाइ क्रियाकलाप विकास गर्दा सिकाइका नवीनतम प्रवर्तनका पक्षहरूलाई समेट्ने
- प्रधानाध्यापक तथा अनुभवी शिक्षकसँग छलफल गरी दैनिक पाठयोजना सुधार गर्ने
- सुधारिएको दैनिक पाठयोजनाका आधारमा पाठ शिक्षण गर्ने
- प्रधानाध्यापक तथा अनुभवी शिक्षकलाई कक्षा अवलोकन गर्न अनुरोध गर्ने र आवश्यक पृष्ठपोषण प्राप्त गर्ने ।
- प्राप्त पृष्ठपोषणलाई आधार बनाउँदै बाँकी पाठ शिक्षणका लागि निरन्तर दैनिक पाठयोजना निर्माण तथा शिक्षण गर्ने
- उक्त एकाइको शिक्षणपश्चात् विद्यार्थीको सिकाइको अवस्था तथा आफ्नो सिकाइ सहजीकरण अनुभव समेटी प्रतिवेदन तयार गर्ने ।

**परियोजना कार्य ३ : पाठ्यक्रम विश्लेषण**

- सम्बन्धित तह र विषयको पाठ्यक्रमलाई दिइएका आधारमा विश्लेषण गर्नेः
  - सक्षमता तथा सिकाइ उपलब्धि
  - विषयवस्तुको क्षेत्र, क्रम, सङ्गठन (लम्बीय र समतलीय)
  - प्रयोगात्मक र परियोजना कार्य
  - सिकाइ सहजीकरण विधि र प्रक्रिया
  - विद्यार्थी मूल्याङ्कनसम्बन्धी व्यवस्था (आन्तरिक र बाह्य मूल्याङ्कन तथा विशिष्टीकरण तालिका)
- उक्त पाठ्यक्रमका माथि उल्लिखित पक्षका आधारमा सबल पक्ष र सुधारका लागि सुझावसहित प्रतिवेदन तयार गर्ने ।

**परियोजना कार्य ४: सिकाइका लागि मूल्याङ्कन**

- विशिष्टीकरण तालिकाअनुसार हरेक दिनको सिकाइमा विभिन्न तहका प्रश्न तयार गरी पठनपाठन गर्ने

- हरेक दिनको पठनपाठनपश्चात् उच्च दक्षताका प्रश्नको समस्या समाधान गर्ने गरी गृहकार्य दिने
- पाठ्यक्रम तथा पाठ्यपुस्तकमा दिइएको परियोजना तथा प्रयोगात्मक कार्यलाई सिकाइ सहजीकरणको क्रममा गराउने
- उक्त परियोजना कार्य र प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि रुब्रिक्स निर्माण गरी मूल्याङ्कन गर्ने र प्रगतिको अभिलेखीकरण गर्ने
- एकाइ वा पाठको अन्तमा विशिष्टीकरण तालिकामा उल्लेख भएका विभिन्न तहअनुसार प्रश्न र उत्तरकुञ्जिका तयार गरी परीक्षा सञ्चालन गर्ने
- उत्तरकुञ्जिकाअनुसार उत्तरपुस्तिका परीक्षण गरी प्रत्येक विद्यार्थीलाई सुझाव तथा पृष्ठपोषण दिने र आवश्यकतानुसार उपचारात्मक शिक्षण गर्ने
- उल्लिखित कार्य गरी प्रतिवेदन तयार गर्ने र प्रतिवेदनको अनुसूचीमा एकाइको प्रश्न र उत्तरकुञ्जिका, केही विद्यार्थीको पृष्ठपोषण दिएको उत्तरपुस्तिकाको नमुना, मूल्याङ्कन गर्दा प्रयोग गरिएको रुब्रिक्स समावेश गर्ने ।

**परियोजना कार्य ५: कार्यमूलक अनुसन्धान**

- आफूले पठनपाठन गरिरहेको शिक्षण सिकाइमा भोगेका वा सामना गरेका समस्या पहिचान गर्ने
- उक्त समस्या आइपर्नाका कारण पहिचान गर्ने । यसरी कारण पहिचान गर्दा आफ्नो अनुभव तथा अन्य शिक्षकको समेत सहयोग लिन सकिन्छ ।
- समस्याका कारणपश्चात समाधानका उपायहरुको खोजी गर्ने
- ती उपायहरूलाई कार्यमूलक अनुसन्धानको चक्रगत (योजना, कार्य, अवलोकन र प्रतिबिम्बन) रूपमा कार्यान्वयन गर्दै सुधार विश्लेषण गर्दै जाने
- अन्त्यमा ती उपायहरु अबलम्बन गर्दा भएको सुधार तथा आफ्नो अनुभवलाई समेटी कार्यमूलक अनुसन्धानको प्रतिवेदन तयार गर्ने ।

## ५. तालिम कार्यान्वयन कार्यविधि

### (क) तालिमको अवधि

यो तालिमको अवधि एक महिनाको हुने छ । एक महिने सेवा प्रवेश तालिम १५ दिन तालिम केन्द्रमा आधारित र बाँकी १५ दिन विद्यालयमा आधारित हुने छ । विद्यालयमा आधारित १५ दिनको तालिमका लागि सहभागीहरूले पाँचओटा परियोजना कार्यहरू गर्नुपर्ने छ । शिक्षा तालिम केन्द्रमार्फत तालिम सञ्चालन हुने तालिममा प्रतिदिन तीन सत्रका दरले १५ दिनको

अवधिमा ४५ ओटा सत्र सञ्चालन हुने छन् । प्रति सत्रको अवधि एक घण्टा तिस मिनेटको हुने छ ।

**(ख) तालिमको लक्षित समूह**

यस तालिमको लक्षित समूह माध्यमिक तहका नवप्रवेशी शिक्षकहरु हुने छन् ।

**(ग) तालिम पाठयक्रम कार्यान्वयन प्रक्रिया**

- नवप्रवेशी शिक्षकहरुका लागि सेवा प्रवेश तालिम कार्यक्रम शिक्षा तालिम केन्द्रबाट स्वीकृत पाठयक्रमका आधारमा हुने छ ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास भएको पाठ्यक्रमको २० प्रतिशतसम्म विषयवस्तु शिक्षा तालिम केन्द्रले स्थानीय परिवेश एवम् सहभागीका आवश्यकताका आधारमा परिमार्जन तथा समायोजन गर्न सक्ने छ ।

**(घ) तालिम सहजीकरण**

- शिक्षा तालिम केन्द्रका प्रशिक्षक वा रोस्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ । रोस्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारूप, २०८० ले तोकेका आधार पूरा गरेको व्यक्ति हुनुपर्ने छ ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ ।
- तालिमका लागि आवश्यक पाठयक्रम, पाठयपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरू तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ ।
- सिकाइ सहजीकरणका विधि तथा सूचना प्रविधिलाई पाठयक्रमका विषयगत विषयवस्तुसँग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्ने छ ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छः
  - प्रदर्शन तथा नमुना अभ्यास शिक्षण
  - अन्तरक्रिया, छलफल, वादविवाद
  - हाजिरीजवाफ, समूह कार्य
  - परियोजना कार्य
  - अध्ययन तथा अवलोकन
  - मामला अध्ययन
  - मस्तिष्क मन्थन
  - असल शिक्षकका प्रेरणादायी कथा प्रस्तुति

- Think Pair and Share Survey
- Panel Discussion
- Focus Group Discussion
- डकुमेन्ट अध्ययन
- अनुभव आदान प्रदान
- समस्या समाधान र स्वअध्ययन
- ह्यान्ड आउट अध्ययन
- प्रतिबिम्बन
- सामग्री निर्माण कार्यशाला
- योग अभ्यास
- नृत्य तथा गायन क्रियाकलाप
- पावर पोइन्ट प्रस्तुति
- खेल विधि
- समालोचनात्मक रणनीतिहरू

## ६. तालिम मूल्याङ्न

यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रूपमा उनीहरूले तालिमका दौरानमा निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिता र दैनिक उपस्थितिका आधारमा गरिने छ । तालिमका क्रममा हुने छलफल, समूह कार्य र प्रस्तुतिका साथै प्रिटेस्ट तथा पोस्टटेस्ट पनि मूल्याङ्कनका आधार हुने छन् । त्यसैगरी तालिम केन्द्रमा आधारित

तालिमपश्चात् विद्यालयमा आधारित परियोजना कार्यको सम्पादनका आधारमा समेत सहभागीहरूको मूल्याङ्कन गरिने छ ।

ΩΩΩ